नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
संगठन विकास शाखा
सिंहदरवार, काठमाडौं ।

प.सं.०७९/०८० चलानी संख्या: २८

मिति २०७९।०४।२४

**विषय: MIS Operator र फिल्ड सहायक सम्बन्धमा।**

श्री स्थानीय तह सवै ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.सं. ०७९/८० च.नं. १४८ मिति २०७९/०४/१९ को प्राप्त पत्र यसैसाथ संलग्न छ ।स्थानीय तहमा कार्यरत MIS Operator र फिल्ड सहायक सम्बन्धमा भएको निर्णय सहजीकरणका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

श्री सूचना प्रविधि शाखा: *Website मा upload गरिदिनुहुन ।*

(हरि नारायण शर्मा)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(निजामती कर्मचारी प्रशासन शाखा)

पत्र संख्याः- नि.क.प्र.२०७९/८०

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १४८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७९/०४/१९

विषयः- MIS Operator र फिल्ड सहायकको सेवा करारको निरन्तरता सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा यस मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ८५ मिति २०७९/०४/१३ को पत्र यसैसाथ संलग्न छ।

यसमा VERSP-MIS प्रणालीको दिगोपनाको लागि विभाग वा अन्तर्गत कार्यरत जनशक्ति (एम.आइ.एस अपरेटर र फिल्ड सहायक को पारिश्रमिक गत वर्ष ३०% र चालु आ.व. (२०७९/८०) मा ५०% सम्बन्धित स्थानीयतहले व्यहोर्ने गरी स्रोत साझेदारी गर्ने प्रक्रिया अगाडि बढीसकेको र हालै विश्व बैंकबाट सम्पन्न Mission को प्रतिवेदन अनुसार आयोजनाको प्रगति राम्रो देखिएको र लामो समयदेखि तालिम र अनुभव प्राप्त दक्ष प्राविधिक जनशक्तिबाट सम्बन्धित स्थानीयतहले VERSP-MIS प्रणालीका अतिरिक्त सेवा प्रवाह र सुशासनका विविध क्षेत्रमा उपयोग गरी लाभ लिन सक्ने व्यवस्था समेत रहेकोमा हाल कतिपय स्थानीय तहले एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको सेवा करार थप नगर्ने जानकारी प्राप्त भएकोले उक्त कार्य रोकी एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको सेवा करार थप गर्न र आयोजनाको अवधिसम्म यदि कसैको कार्य सम्पादन संतोषजनक नभएमा "सेवा एकाइको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ को दफा (१८) बमोजिम यस विभागको पूर्व स्विकृति लिएर मात्र जनशक्ति व्यवस्थापनको प्रक्रिया अगाडी बढाउने व्यवस्था गर्न तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहमा निर्देशन तथा सहजीकरण गरिदिने व्यवस्थाका लागि अनुरोध भई आएकोले सोही बमोजिम हुन यस मन्त्रालयको मिति २०७९/०४/१९ गतेको निर्णयानुसार अनुरोध छ।

(भास्कर दाहाल)
शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार।

प्रशासन

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८१४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००११६६६६

पत्र संख्या :- ०७९।८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९४

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति : २०७९।०४।१३

**बिषय: MIS Operator र फिल्ड सहायकको सेवा करारको निरन्तरता सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

यस बिभागले मूलतः राष्ट्रिय परिचयपत्र व्यवस्थापन, व्यक्तिगत घटना दर्ता (Vital Registration) र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको कार्य गर्दै आएको विदितै छ । राष्ट्रिय परिचयपत्र र पञ्जिकरण व्यावस्थापन सम्बन्धि कार्यलाई १५ औं योजनाले रूपान्तरणकारी आयोजना (Gamer Changer Project) को रुपमा समेत लिएको छ ।

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइ-सराइ) दर्ता र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको कार्य VERSP-MIS सूचना प्रणालीमा आधारित रहेको र जसका लागि विश्व बैङ्कको सहयोगमा सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता सुदृढिकरण, आयोजना (SSSPCR) सन् २०१७ देखि संचालनमा रहेको छ । हाल उक्त आयोजना अन्तरगत ७५३ वटै स्थानीय तहमा एम.आई.एस अपरेटर (MIS Operator) र फिल्ड सहायक पदका कर्मचारीहरू सेवा करार अन्तरगत नियुक्ति गरी कार्य सम्पादन हुँदै आएको छ । हाल ७५३ स्थानीय तहका ६७४३ वडाहरूमध्ये करिव ६२०० वडामा अनलाइन घटना दर्ता हुने गरेको करिव २८ लाख लाभग्राहीले बैंक मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरेका ६५ वटा भन्दा बढी स्थानीय तहमा Digitization को काम बाँकी रहेको १०० भन्दा बढी स्थानीय तहमा घटना दर्ता शिविर संचालन गर्न बाँकी रहेको अवस्था एकातिर छ भने अर्कोतिर एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको सिप क्षमता र दक्षता अभिवृद्धिमा विभागले निकै ठूलो लगानी गरिसकेको अवस्था छ । गत आ.व. मा मात्रै ७५३ वटै पालिकाका एम.आइ.एस. अपरेटर समेत गरी करिव १५०० जनालाई VERP-MIS प्रशिक्षक प्रशिक्षण (ToT) प्रदान गरिएको थियो।

सन् २०१७ बाट शुरु भएको सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको अवधी सन् २०२३ को जुनमा समाप्त हुँदैछ । VERSP-MIS प्रणालीको दिगोपनाको लागि कार्यरत जनशक्ति (एम.आइ.एस अपरेटर र फिल्ड सहायक) को पारिश्रमिक गत वर्ष ३०% र चालु आ.व. (२०७९/८०) मा ५०% सम्बन्धित स्थानीयतहले व्यहोर्ने गरी स्रोत साझेदारी गर्ने प्रक्रिया अगाडि बढी सकेको छ ।

हालै विश्व बैंकबाट सम्पन्न Mission को प्रतिवेदन अनुसार आयोजनाको प्रगति राम्रो देखिएको र लामो समयदेखि तालिम र अनुभव प्राप्त दक्ष प्राविधिक जनशक्तिबाट सम्बन्धित स्थानीयतहले VERSP-MIS प्रणालीका अतिरिक्त सेवा प्रवाह र सुशासनका विविध क्षेत्रमा उपयोग गरी लाभ लिन सक्ने व्यवस्था समेत छ ।

हाल कतिपय स्थानीय तहले एम.आइ.एस.अपरेटर र फिल्ड सहायकको सेवा करार थप नगर्ने जानकारी प्राप्त भएकोले उक्त कार्य रोकी एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको सेवा करार थप गर्न र आयोजनाको अवधिसम्म यदि कसैको कार्य सम्पादन संतोषजनक नभएमा "सेवा एकाइको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६" को दफा (१८) बमोजिम यस विभागको पूर्व स्विकृति लिएर मात्र जनशक्ति व्यवस्थापनको प्रक्रिया अगाडी बढाउने व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा निर्देशन तथा सहजीकरण गरिदिने व्यवस्थाका लागि अनुरोध छ ।

(तीर्थराज भट्टराई)
महानिर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np